# करारमा चिकित्सक नियुक्ति गर्ने कार्यविधि, २०७५

**प्रस्तावना:** नेपालको संविधानमा आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा व्यवस्था गरिएको हुँदा आधारभूत स्वास्थ्य सेवाको वितरण  समान र समातामुलक ढंगबाट गर्नका लागि यस प्रदेश सरकारको आ.व. ०७५/०७६ को बजेट तथा कार्यक्रममा विभिन्न १६ स्थानीय तहमा पूर्वाधार भएका स्वास्थ्य संस्थामा १५ शैया सम्मको अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने दक्ष चिकित्सक करारमा नियुक्त गर्नका लागि व्यवस्था समेत गरिएको हुँदा सो व्यवस्थापनको लागि प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "करारमा चिकित्सक नियुक्ति गर्ने कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभषा**: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) "चिकित्सक" भन्नाले नेपाल मेडिकल काउन्सिलमा दर्ता भई अनुमति प्राप्त स्वास्थ्यकर्मी सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, प्रदेश नंबर ३ सम्झनु पर्छ।

(ग) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाँउपालिका सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले प्रदेश नंबर ३ सम्झनु पर्छ।

३. **स्वास्थ्य संस्था एवं स्थानीय तहको छनौट**: प्रदेश सरकारको आ.व २०७५/०७६ को वार्षिक बजेट तथा कार्यक्रम बमोजिम मन्त्रालयले तयार गरेको कार्यक्रम निर्देशिकामा तोकिए बमोजिमका स्थानीय तहको स्वास्थ्य संस्था यस कार्यक्रमको प्रयोजनको लागि छनौट भएको मानिने छ।

४. **सेवा उपलब्ध गराउने**: (१) मन्त्रालयले चिकित्सकलाई सम्बन्धित स्थानीय तहको तोकिएको स्वास्थ्य संस्थामा देहाय बमोजिमको  सेवा प्रदान गर्ने गरी कार्यविधि बमोजिम अवधि तोकी करारमा नियुक्त गर्न सक्नेछ:-

(क) बहिरंग सेवामा बिरामीको परिक्षण, उपचार र परामर्श,

(ख) अन्तरंग सेवामा बिरामीको परिक्षण, उपचार र परामर्श,

(ग) आकस्मिक कक्षमा बिरामीको परिक्षण, उपचार र परामर्श,

(घ) सम्बन्धित संस्थामा उपचार सम्भव नभएमा प्रेषण र परामर्श,

(ङ) कानून र सम्बन्धित परिषद्ले अनुमति प्रदान गरेका सम्पूर्ण कार्य,

(च) यस कार्यविधिमा तोकिएका अन्य कार्य।

(२) चिकित्सकले आफूले र आफू कार्यरत अस्पतालबाट प्रवाहित सेवाको मासिक प्रतिबेदन

अनुसूची - ५ बमोजिमको ढाँचामा स्थानीय तह र मन्त्रालयलाई नियमित रुपमा महिनाको पहिलो साता भित्र गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सम्पादित कामहरूको अनुगमन र मुल्याङ्कन स्थानीय तह र मन्त्रालयले गर्न सक्नेछ।

**५. <u>छनौट सम्बन्धी व्यवस्था</u>**: (१) मन्त्रालयले चिकित्सक नियुक्तिका लागि  निजको योग्यता, पारिश्रमिक, सेवाका शर्त समेत तोकी मन्त्रालयको सूचनापाटी , वेबसाईट तथा अन्य कुनै कम्तीमा एक राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची - १ बमोजिमको ढाँचामा कम्तीमा १५ दिनको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्तिका लागि उम्मेदवार हुन देहाय बमोजिमको योग्यता हुनुपर्नेछः-

(क) नेपाली नागरिक,

(ख) न्यूनतम योग्यताः नेपाल सरकारवाट मान्यता प्राप्त संस्थाबाट MBBS उत्तीर्ण,

(ग) २० वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको,

(घ) नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको (स्थायी वा अस्थायी प्रमाणपत्र),

(ङ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको।

(३) उपदफा (२) बमोजिम योग्यता पुगेका निवेदकले अनुसूची-२ बमोजिमको निवेदन फारम भरी मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पर्न आएका निवेदनमा छनौटको आधार पूर्णाङ्क ५० मानी देहायका आधारमा दफा ६ को समितिले मूल्याङ्कन गरी सूचीकृत गर्नुपर्नेछः-

(क) उम्मेदवारको शैक्षिक योग्यता वापत –पूर्णाङ्क २०, लाई १०० मानी MBBS वा सो सरह को प्राप्ताङ्क प्रतिशतका आधारमा अंक दिइने छ।

* महिला उम्मेदवारलाई शैक्षिक योग्यता वापतको अंक प्रदान गर्दा १ अंक थप गरी दिईनेछ।

(ख) कार्य अनुभव वापत पूर्णाङ्क ५ , प्रति वर्ष १ अंकको दरले अङ्क दिने ( प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने ) ।

(ग) स्थानीय बासिन्दालाई देहाय बमोजिम -पूर्णाङ्क ५

(१) सम्बन्धित गाउँपालिका/नगरपालिकाको बासिन्दा भएमा -५ अंक

(२) सम्बन्धित जिल्लाको बासिन्दा भएमा -३ अंक

(३) सम्बन्धित प्रदेशको बासिन्दा भएमा -२ अंक

(घ) अन्तवार्तामा पूर्णाङ्क २० अंक, यस अनुसार अकं प्रदान गर्दा न्यूनतम ८ (आठ) र अधिकतम १४ (चौध) को सीमाभित्र रही प्रदानगर्नुपर्नेछ ।यस अन्तर्गत चिकित्सकीय विषय वस्तुको ज्ञान / सीप / दक्षतामा १० र प्रस्तुति, व्यक्तित्व, समसामयिक ज्ञान, नेतृत्व क्षमता, व्यवस्थापकीय सीपका लागि १० पूर्णाङ्कको अङ्क भार रहनेछ।

६. **<u>छनौट समितिः</u>** दफा ५ को उपदफा (३) बमोजिमका उम्मेदवारलाई दफा ५ को उपदफा (४) को खण्ड (क), (ख), (ग), र (घ) बमिजिम अंक प्रदान गरी योग्यता क्रमको आधारमा सिफारिस गर्न देहायको छनौट समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) सचिव वा निजले तोकेको वरिष्ठ अधिकृत, मन्त्रालय | - | संयोजक |
| (ख) प्रतिनिधि अधिकृत स्तर, मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | - | सदस्य |
| (ग) विज्ञ, सम्बन्धित विषय ( आमन्त्रित) | - | सदस्य |
| (घ) शाखा अधिकृत, सामाजिक विकास मन्त्रालय | - | सदस्य |
| (ङ) प्रमुख, चिकित्सा शाखा | - | सदस्य सचिव |

**७. <u>नतिजा प्रकाशन गर्ने:</u>** (१) दफा ५ को उपदफा (४) बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु दफा ६ बमोजिमको समितिको सिफारिसको आधारमा मन्त्रालयले उम्मेदवारहरुको रोल नम्बर, नाम थर, ठेगाना, काम गर्न तोकिएको अस्पताल आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार नतिजा प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा पद संख्या भन्दा दोब्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्नुपर्नेछ र सिफारिश भएका उम्मेदवारहरुको सूची सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ ।

तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार सूचिकरण गर्न बाधा पर्नेछैन ।

(३) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नु पर्नेछ ।

**८. <u>करार सम्झौता:</u>** (१) दफा ७ बमोजिम छनौट भएका उम्मेदवारलाई नतिजा प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र करार सम्झौता गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग मन्त्रालयले अनुसूची -३ बमोजिमको कार्य-विवरण सहितको ढाँचामा करार गर्नुपर्नेछ ।उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा योग्यताक्रमका आधारमा मन्त्रालयले क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम करार गरेपश्चात अनुसूची -४ बमोजिमको पत्र मन्त्रालयले कर्मचारीलाई दिनुपर्नेछ ।

(४) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यत आर्थिक वर्षको श्रावण १ (एक) देखि अर्को वर्षको असार मसान्तसम्मका लागि मात्र करार गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको व्यक्तिलाई पुनः अर्को वर्षको लागि सेवा करारमा लिनुपरेमा पुनःपरिक्षण, छनौट र शुरू करार सरह मानी सम्झौता गरिनेछ।

(६) चिकित्सकले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसरमा प्राथमिकता दिईने छैन।

(७) यस दफा विपरितको अवधि उल्लेख गरी वा करारमा उल्लेख भए भन्दा बढी रकम भुक्तानी दिएमा त्यसरी अवधि उल्लेख गर्ने वा रकम भुक्तानी गर्ने कर्मचारीको तलव भत्ताबाट कट्टा गरी असूल उपर गरिनेछ र विभागीय कारवाही समेत गरिनेछ ।

(८) करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य हुने मिति समेत उल्लेख गर्नुपर्नेछ। तर त्यस्तो करारको अवधी एक पटकमा १ (एक) वर्षभन्दा बढी हुने छैन ।

**९. <u>कार्य शर्त, पारिश्रमिक, सेवा-सुबिधा र अवधि</u> :** (१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका चिकित्सकको मासिक पारिश्रमिक सम्बन्धित पद र तह ( मेडिकल अधिकृत, आठौं) बमोजिम हुनेछ। स्थानीय भत्ता पाउने स्थानमा नेपाल सरकारको दररेट अनुसार स्थानीय भत्ता उपलब्ध गराउन सकिनेछ ।

(२) कार्यालयले कार्य-विवरणमा उल्लेख भए बमोजिम प्रगतिको स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार प्रचलित ऐन कानून अनुसार भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ ।

(३) स्थानीय तहले चिकित्सकको पारिश्रमिक भुक्तानी गर्दा दफा ४ को उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त गरे पश्चात भुक्तानी गर्नु पर्नेछ ।

(४) मन्त्रालय वा स्थानीय तहले चिकित्सकको आफ्नो प्राविधिक सीप र दक्षतामा सघाउ पुग्ने, कार्यरत अस्पतालको सेवा सुदृढ र विस्तारित हुने किसिमको तालिम, गोष्ठी, समिक्षा, बैठक, छलफलमा काज वा बिदामा पठाउन वा सहभागी बनाउन कुनै बाधा पर्ने छैन।

(५) चिकित्सकलाई सम्बन्धित स्थानीय तहले थप सेवा सुबिधा प्रदान गराउन यस कुनै बाधा पर्ने छैन।

(६) यस कार्यविधि बमोजिम चिकित्सकले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनका लागि कुनै पनि दाबी गर्न पाउने छैन ।

**१०. <u>करार समाप्तीः</u>** (१) करार सम्झौता गरिएको चिकित्सकको कार्य सन्तोषजनक नभएको भनी कार्यरत स्थानीय तहका प्रमुखले सिफारिश गरेमा मन्त्रालयले आवश्यक छानविन गर्न लगाई सफाइको मौका दिनेछ।

(२) उपदफा (१) बमोजिमको सफाई मनासिव नठहरिए मन्त्रालयले जुनसुकै अवधिमा करार भङ्ग गर्न सक्नेछ ।

(३) करार समाप्ति दफा ८ को उपदफा (८) बमोजिम हुनेछ।

**११. <u>निर्देशक समितिः</u>** (१) कार्यक्रमको सफल कार्यान्वयनको लागि परामर्श तथा राय सल्लाह प्रदान गर्न देहाय बमोजिमको सदस्य भएको समिति गठन हुनेछ :-

(क) सचिव, सामाजिक विकास मन्त्रालय -अध्यक्ष

(ख) निर्देशक, स्वास्थ्य निर्देशनालय -सदस्य

(ग) प्रमुख, स्वास्थ्य सेवा महाशाखा -सदस्य सचिव

**१२. <u>समितिको काम, कर्तव्य र अधिकार</u>** : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) १५शैया अस्पताल सञ्चालन सम्बन्धी नीति तथा योजना तर्जुमा गर्न सिफारिस गर्ने,

(ख) १५शैया अस्पताल सञ्चालन सम्बन्धी विभिन्न विषयमा प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्न सुझाव दिने,

(ग) १५शैया अस्पताल सञ्चालन सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न, आवश्यकता अनुसार मापदण्ड, निर्देशिका, कार्यविधि तर्जुमा गर्न परामर्श दिने,

(घ) मन्त्रालयले तोकेका अन्य कार्य गर्ने।

**१३. <u>कार्यक्रम विस्तारः</u>** (१) मन्त्रालयले स्थानीय तह र  संघीय सरकारको सहयोगमा यस कार्यक्रमलाई प्रदेशका सवै स्थानीय तहमा क्रमशः विस्तार गर्नेछ ।

**१४. <u>विविधः</u>** (१) यस कार्यविधि कार्यान्वयन क्रममा  कुनै बाधा आइपरे यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ।

अनुसूची-१

(दफा 5 को उपदफा (१) सँग सम्बन्धित)

<u>सूचनाको ढाँचा</u>

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रदेश नं. ३, हेटौडा, नेपाल

**करारमा सेवा लिने सम्बन्धी सूचना**

(सुचना प्रकाशित मिति : २०७  /    /    )

यस मन्त्रालयको आ.व २०७५/०७६ को स्वीकृत कार्यक्रम "**पूर्वाधार भएका १३ जिल्लाका कम्तीमा थप १ स्थानीय तहमा १५ शैयासम्मको अस्पताल सञ्चालन शुरु गर्न आवश्यक चिकित्सक करारमा लिने प्रक्रिया र सिफारिस कार्यक्रम**" अन्तर्गत देहाय बमोजिमका स्थानीय तहका १५ शैया अस्पतालका लागि चिकित्सक ( मेडिकल अधीकृत, आठौं ) का रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य–विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट mosd.p3.gov.np बाट उपलब्ध हुनेछ ।

| अस्पताल | स्थानीय तह | जिल्ला | संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## १. शैक्षिक योग्यता र अनुभव :

(क) नेपाली नागरिक,

(ख) न्यूनतम योग्यताः नेपाल सरकारवाट मान्यता प्राप्त संस्थाबाट MBBS उत्तीर्ण,

(ग) १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको,

(घ) नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको (स्थायी वा अस्थायी प्रमाणपत्र),

(ङ) स्वास्थ्य क्षेत्रमा अनुभव भएको र स्थानीयलाई प्राथमिकता दिइनेछ,

(च) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

(छ) दरखास्तमा संलग्न गर्नुपर्नेः उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि, प्रचलित नेपाल कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

(ज) आवेदन दिंदा जुन स्थानीय तह / अस्पतालमा कार्य गर्न चाहेको हो, सोही स्थानीय तह / अस्पतालका लागि दरखास्त दिनुपर्ने छ साथै एक भन्दा बढी स्थानीय तह / अस्पतालमा आवेदन दिन चाहाने उम्मेदवारले छुट्टा छुटै दरखास्त फारम भरी पेश गर्नुपर्ने छ ।

(झ) छनौट शैक्षिक योग्यता, स्थानीयता, अनुभव र अन्तर्वार्ताको आधारमा गरिनेछ ।

अनुसूची -२

( दफा ५ को उपदफा (३) सँग सम्बन्धित )

<u>दरखास्त फारामको ढाँचा</u>

## प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रदेश नं. ३, हेटौडा, नेपाल

| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत |
|---|

## <u>करारको लागि दरखास्त फाराम</u>

(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग: |
| | नागरिकता नं: | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.वि.स. | | ग) वडा नं |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | | च) फो नं. |
| पत्राचार गर्ने ठेगाना : | | | | ईमेल |
| बाबुको नाम, थर : | | | जन्म मिति : (वि.सं.मा) (ईस्वि संवतमा) | |
| बाजेको नाम, थर : | | | हालको उमेर : वर्ष महिना | |

(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| **आवश्यक न्यूनतम योग्यता** | **विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था** | **शैक्षिक उपाधि/तालिम** | **संकाय** | **श्रेणी/प्रतिशत** | **मूल विषय** |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

**(ग) अनुभव सम्बन्धी विवरण**

| **कार्यालय** | **पद** | **सेवा/समूह/उपसमूह** | **श्रेणी/तह** | **स्थायी/अस्थायी/करार** | **अवधि** | |
|---|---|---|---|---|---|---|
| | | | | | **देखि** | **सम्म** |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा एक महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| **उम्मेदवारको ल्याप्चे सहीछाप** | | **उम्मेदवारको दस्तखत** |
|---|---|---|
| **दायाँ** | **बायाँ** | |
| | | **मिति:** |
| कार्यालयले भर्नेः | | |
| रसिद/भौचर नं. : | रोल नं. : | |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति : | |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि, (३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलको प्रमाणपत्र (लाईसेन्स)को प्रतिलिपि, अनुभव प्रमाणपत्र, सम्बन्धित स्थानीय तहमा बसोबास गरेको प्रमाण देखिने कागजातहरु (जस्तै बसाईसराई आदी)

अनुसूची-३

( दफा ८ को उपदफा (२) सँग सम्बन्धित )

<u>करार सम्झौताको ढाँचा</u>

## करार सम्झौता

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश नं· ३ (यसपछि पहिलो पक्ष भनिएको) र ....................जिल्ला, ..................नगरपालिका/गाउँपालिका, वडा नं. ..... बस्ने श्री ........................................................... (यसपछि दोश्रो पक्ष भनिएको) का बीच "**पूर्वाधार भएका १३ जिल्लाका कम्तीमा थप १ स्थानीय तहमा १५ शैयासम्मको अस्पताल सञ्चालन शुरु गर्न आवश्यक चिकित्सक करारमा लिने प्रक्रिया र सिफारिस कार्यक्रम**" कार्यक्रम अन्तर्गत चिकित्सक (मे.अ आठौं ) पदमा कामकाज गर्न गराउन मिति २०७ /......./...... को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं :

१. **कामकाज सम्बन्धमा :** दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य विवरण (मे.अ आठौं) अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. **काम गर्नु पर्ने स्थान** :..........................................................................................।

३. **करारमा काम गरे बापत पाँउने पारिश्रमिक :** प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. ..................(अक्षरेपी रु. .................................................................पारिश्रमिक उपलब्ध गराउनेछ ।

४. **आचरणको पालनाः** दोश्रो पक्षले प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. **विदाः** दोस्रो पक्षलाई सार्बजनिक बिदा र दफा ९ को उपदफा ४ बमोजिमको बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन ।

६. **कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. **गोप्यताः** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. **करार अवधिः** यो करार २०७... ।........।..........देखि लागु भई २०७.....असार मसान्त सम्मको लागि हुनेछ ।

९. **कार्यसम्पादन मूल्यांकनः** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः** दोश्रो पक्षले पहिलो पक्षलाई लगातार १५ (पन्ध्र) दिन भन्दा बढी सेवा उपलब्ध नगराएमा वा सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गर्न सक्नेछ। दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले ३० ( तीस ) दिन भन्दा बढी सेवा दिन असमर्थ भएमा वा सेवा सन्तोषजनक नभएमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा वैकल्पिक उम्मेदवारलाई करारमा राखी काम लगाउन बाधा पर्ने छैन ।

११. **दावी नपुग्नेः** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैन/गर्ने छैन ।

१२. **प्रचलित कानून लागू हुनेः** यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित कानून बमोजिम हुनेछ।

**<u>सामाजिक विकास मन्त्रालयको तर्फबाट :</u>** **<u>दोस्रो पक्ष (करार गर्ने व्यक्ति):</u>**

| | |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | ठेगाना : |
| कार्यालयको छापः | |

रोहवर

अनुसूची-४

( दफा ८ को उपदफा (३) सँग सम्बन्धित )

<u>करार नियुक्तिको ढाँचा</u>

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रदेश नं. ३, हेटौडा, नेपाल

च.नं. मितिः

प.सं.

श्री ......................................,

ठेगाना .........................

विषयः **<u>करार नियूक्ति सम्बन्धमा ।</u>**

तपाईलाई मिति २०७...।....।... निर्णयानुसार सूचिकरण गरिए बमोजिम चिकित्सक ( मेडिकल अधिकृत आठौं ) पदका लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०७....।....।... देखि २०७....।.....।.... सम्म करारमा नियूक्ति गरीएको छ ।उक्त पदमा संलग्न कार्यशर्त अनुरुप आफनो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ ।

.....................

सचिव

**<u>बोधार्थः</u>**

श्री ..........महा÷उपमहा÷नगरपालिका÷गाँउपालिका,आवश्यक अनुगमन तथा सहयोगका लागि ।

श्री............ अस्पताल, ...........सम्झौता अनुसारको कामकाज गराउनु हुन ।

श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिर सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनु हुन।

श्री प्रशासन शाखाः हाजिरीको व्यवस्था हुन ।

अनुसूची-५

( दफा ३ को उपदफा (२) संग सम्बन्धित )

<u>मासिक प्रगति प्रतिवेदनको ढाँचा</u>

.............साल ........... महिनाको मासिक प्रगति प्रतिवेदन

| सि.नं. | सम्पादन गरेको कार्य विवरण | एकाई | गत महिना सम्मको संख्या | यस महिनाको संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

सम्बन्धित चिकित्सकको
नाम/थर:
दस्तखत:
मिति:
कार्यालयको छाप: